नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५००
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : १/२०८३-८४

मितिः २०८३/०४/०७

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०८२ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८२ लाई देहायबमोजिम संशोधन/परिमार्जन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| १. | २०/ २०८२ | ७ (क) | भा.रू. २००, ५००, १००० र २००० दरका नोटहरूको सम्बन्धमा :<br>(१) भारत सरकार तथा भारतीय रिजर्व बैंकले ९ नोभेम्बर २०१६ सम्म चलनचल्तिमा रहेका भा.रु.५०० र १००० दरका नोटहरू चलनचल्तीबाट हटाएको हुँदा त्यस्ता भा.रु. ५०० र १००० दरका नोटको कारोबार गर्न र हाल भारतमा चलनचल्तिमा रहेका नयाँ भा.रु. २००, ५०० र २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न पाइने छैन ।<br>(२) भा.रु.१०० र सोभन्दा कम दरका भारतीय नोट तथा मुद्रा प्रचलित व्यवस्था बमोजिम ल्याउन लैजान तथा सटही गर्न सकिनेछ ।<br>(३) नेपाली नागरिकले भारतीय रुपैयाँ भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन पाइने छैन । | भा.रू. २००, ५००, १००० र २००० दरका नोटहरूको सम्बन्धमा :<br>(१) भारत सरकार तथा भारतीय रिजर्व बैंकले सन् ९ नोभेम्बर २०१६ सम्म चलनचल्तीमा रहेका भा.रु.५०० र १००० दरका नोटहरू चलनचल्तीबाट हटाएको हुँदा त्यस्ता भा.रु. ५०० र १००० दरका नोटको कारोबार गर्न र हाल भारतमा चलनचल्तीमा रहेका नयाँ भा.रु. २००० दरका नोट साथमा राख्न, ओसार पसार गर्न र कारोबार गर्न पाइने छैन ।<br>**(२) सन् ९ नोभेम्बर २०१६ देखि निष्कासन भई चलनचल्तीमा रहेका भा.रु. २०० र ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भारतीय रुपैयाँ २५,००० को सीमासम्म प्रचलित व्यवस्था बमोजिम ल्याउन लैजान तथा सटही गर्न सकिनेछ ।** |

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन १५००
पोष्ट बक्स: ७३
Email: fxmd_policy@nrb.org.np


| क्र.सं. | एकीकृत इ.प्रा. परिपत्र | खण्ड/ दफा/ बुँदा | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|---|
| | | | | (३) भा.रु.१०० र सोभन्दा कम दरका भारतीय नोट तथा मुद्रा प्रचलित व्यवस्था बमोजिम ल्याउन लैजान तथा सटही गर्न सकिनेछ ।<br>(४) नेपाली नागरिकले भारतीय रुपैयाँ भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपाल ल्याउन पाइने छैन । |

भवदीय,

(डा.डिल्लीराम पोखेल)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, परराष्ट्र मन्त्रालय ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
५) नेपाल सरकार, अर्थ मन्त्रालय, सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग ।
६) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
७) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
८) नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
९) नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
११) श्री नेपाल राष्ट्र बैंक, भुक्तानी प्रणाली विभाग ।
१२) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
१३) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१४) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१५) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१६) श्री नेपाल राष्ट्र बैंक, कानून महाशाखा ।
१७) श्री नेपाल बैंकर्स संघ ।
१८) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१९) श्री वित्तीय संस्था संघ ।
२०) श्री मुद्रा सटही व्यवसायी संघ ।
२१) श्री नेपाल सुन चाँदी व्यवसायी महासंघ ।
२२) श्री नेपाल सुन चाँदी रत्न तथा आभुषण महासंघ ।
२३) श्री नेपाल हस्तकला महासंघ ।
२४) श्री होटल एशोसियसन अफ नेपाल ।
२५) श्री नेपाल एशोसियसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स ।
२६) श्री ट्रेकिङ्ग एजेन्सिज एशोसियसन अफ नेपाल (टान) ।